**REGIONAL NEWS UNIT**

**BROADCAST: 18:40 hrs** **Date: 16.10.2025**

**यो आकाशवाणी गान्तोक हो।**

CM-Court Soreng: IPR

मुख्यमन्त्री प्रेमसिंह तामाङ सोरेङमा जिल्ला अदालत परिसरको शिलान्यास समारोहमा उपस्थित हुनुभयो। उहाँले आफ्नो घरेलु भूमिमा यस्तो महत्त्वपूर्ण कार्यक्रममा उपस्थित हुन पाउनु गर्वको कुरा रहेको र यही आत्मीयताको भावनाले गर्दा आफू अलि अस्वस्थ भए पनि समारोहमा सामेल हुन प्रोत्साहित भएको बताउनुभयो। उहाँले नयाँ अदालत केवल भवन मात्र नभई, यसले जनताप्रति न्यायको नयाँ प्रतिज्ञालाई प्रतिनिधित्व गर्दछ भन्नुभयो। उहाँले भन्नुभयो, "प्रधानन्यायाधीश न्यायमूर्ति विश्वनाथ सोमाद्दर जीको उपस्थितिले यस अवसरलाई अझ विशेष बनायो। उहाँको नेतृत्वमा, सिक्किमको न्यायपालिका पूर्वाधार, पहुँच र जनताको विश्वासमा बलियो भएको छ। साथै मुख्यमन्त्रीले आफ्नो सरकारले नागरिकहरूले कठिनाइविना न्यायमा पहुँच पाउन सकून् भनेर राज्यभरि न्यायिक पूर्वाधार विस्तार जारी राखेको अनि अभियोजन निर्देशनालयको स्थापना र सिक्किम राष्ट्रिय कानुन विश्वविद्यालयको प्रगतिले राज्यको न्याय प्रणालीलाई अझ बलियो बनाएको बताउनुभयो।

**Governor-Press Day: RajBhawan**

राज्यपाल ओम प्रकाश माथुरले राष्ट्रिय प्रेस दिवसको अवसरमा प्रेस र मिडिया जगतलाई हार्दिक शुभकामना व्यक्त गर्दै, सन्देशमा भन्नुभएको छ, "यस दिवसले प्रत्येक पत्रकारलाई रचनात्मक समाचार रिपोर्टिङको उच्चतम मापदण्ड कायम राख्न प्रेरित गर्नेछ भन्ने मलाई आशा छ। म मिडियालाई हाम्रो समाजमा शान्ति, प्रगति र लोकतान्त्रिक मूल्यमान्यतालाई प्रवर्धन गर्ने प्रतिज्ञा लिन पनि आग्रह गर्दछु।"

**CM-Press Day: IPR**

मुख्यमन्त्री प्रेमसिंह तामाङले पनि राष्ट्रिय प्रेस दिवसको अवसरमा प्रेस र मिडिया जगतलाई शुभकामना व्यक्त गर्दै, पत्रकारहरूको महत्त्वपूर्ण भूमिकालाई लोकतन्त्रको पहरेदारका रूपमा हेरिएको बताउनुभयो। साथै, उहाँले डिजिटल युगमा पत्रकारिताको विकसित प्रकृतिलाई प्रकाश पार्दै, पारदर्शिता र जवाफदेहिता कायम राख्ने स्वतन्त्र, जिम्मेवार र लचिलो प्रेसलाई समर्थन गर्नुपर्ने आवश्यकतालाई पुन: पुष्टि गर्नुभयो।

**CAP-Press Day: IPR**

त्यसैगरी, सिटिजन एक्सन पार्टीका अध्यक्ष गणेश राईले राष्ट्रिय प्रेस दिवसको अवसरमा सबै पत्रकार, मिडिया पेशेवर र हितधारकहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दै, यस दिवसले १६ नोभेम्बर १९६६ मा प्रेस काउन्सिल अफ इन्डिया स्थापना भएको दिनका रूपमा ठूलो महत्त्व राख्ने बताउनुभयो।

**Kongchen Dorjee Award: Summit Times**

सिक्किमले **सिक्किम आदिवासी लप्चा जनजाति संघ,** SILTA द्वारा आयोजित पहिलो कोङ्चेन दोर्जी पुरस्कार समारोह आयोजना गऱ्यो, जुन राज्यका लागि महत्त्वपूर्ण कोशेढुङ्गा हो। यो सम्मान प्राप्त गर्ने पहिलो व्यक्तित्त्व छितेन टाशी भोटिया हुनुभयो, जसलाई भोटिया-लेप्चा समुदायमा उहाँको लामो समयदेखिको सेवा र योगदानका लागि मान्यता दिइएको हो। समारोह सांस्कृतिक श्रद्धा र उत्सवको समिश्रण थियो र श्री टाशीले परम्परागत अनुष्ठान, प्रार्थना र आशीर्वादका साथ पुरस्कार प्राप्त गर्नुभयो। आयोजकहरूले श्री टाशीको जीवन यात्रा र वर्षौंसम्म उहाँले हासिल गरेका उपलब्धिहरू पनि प्रदर्शन गरे। कार्यक्रममा विभिन्न राजनीतिक दलका नेताहरूको सहभागिता देखियो, जो आ-आफ्नो संस्थाको प्रतिनिधिका रूपमा नभई, एकताबद्ध सिक्किमे नागरिकका रूपमा उपस्थित थिए, जसले गर्दा समारोहको समावेशी भावना अझ सशक्त बनेको थियो।

## Governor Gold Cup: Summit Times

सिक्किम फुटबल संघद्वारा आयोजित ४१ औँ अखिल भारतीय गभर्नर गोल्ड कप २०२५ आज पाल्जोर स्टेडियममा सुरु भयो। आजको उद्घाटन खेलमा सिक्किम हिमालयन एफसीले, सिक्किम ब्रदरहुड एफसीलाई ३-१ ले पराजित गर्दै प्रतियोगिताको बलियो सुरुवात गरेको छ। पहिलो खेलमा सिक्किम हिमालयन एफसीका एरोन थापा **'म्यान अफ द म्याच'** घोषित भए। दोस्रो खेलमा सिक्किम पुलिसले जीटीए इलेवनलाई ३-१ ले पराजित गऱ्यो। भोलीको पहिलो खेल टिबेट्यान एन.एफ.ए र सिक्किम ड्रयागन फुटबल क्लबबीच र दोस्रो खेल सर्भिस फुटबल टोली र सिक्किम आक्रमन फुटबल क्लबबीच हुनेछ। यस प्रतियोगितामा जम्मा १६ टोलीले भाग लिइरहेका छन्।

## EMRS National Sports Meet: IPR

नोभेम्बर ११ देखि १५ सम्म ओडिशाको राउरकेला र झारसुक्दामा सम्पन्न चौथो EMRS राष्ट्रिय खेलकुद प्रतियोगितामा सिक्किमको नवासी सदस्यीय खेलकुद टोली सहभागी भयो। टोलीले धेरै कार्यक्रमहरूमा भाग लिए अनि पुरुष र महिला बास्केटबलका साथै टेबल टेनिसमा स्वर्ण पदक जित्यो। समापन समारोह हिजो राउरकेलाको बिरसा मुन्डा खेलकुद स्टेडियममा आयोजना गरिएको थियो। साथै, सिक्किमले डिसेम्बर २ देखि ६ सम्म आन्ध्र प्रदेशको गुन्टुरमा आयोजना हुने राष्ट्रिय सांस्कृतिक तथा साहित्यिक प्रतियोगिता २०२५ मा पनि भाग लिनेछ।